# ठगी मुद्दाको फैसला कार्यान्वयनको अवस्था : एक अध्ययन

## अध्ययन प्रतिवेदन

## अध्ययन कार्यदल

सहन्यायाधिवक्ता श्री किरण पौडेल संयोजक

उपन्यायाधिवक्ता श्री शंकर बहादुर राई सदस्य

शाखा अधिकृत श्री ईश्वर आचार्य

(प्रतिनिधिः काठमाडौ जिल्ला अदालत) सदस्य

शाखा अधिकृत श्री जयन्ती अवस्थी सदस्य

शाखा अधिकृत श्री प्रेममाया राना सदस्य-सचिव

**काठमाडौं, २०७२**

Office of the Attorney General, Nepal

## विषय सूची


| परिच्छेद | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| १ | प्रारम्भिक खण्ड | ३ |
| २ | ऐन, कानुन र सर्वोच्च अदालतका फैसला | ८ |
| ३ | अध्ययन गरिएका फाइलबाट देखिएका बिबरण | १५ |
| ४ | अध्ययन गरिएका फाइलबाट देखिएका बिबरण को विश्लेषण | २४ |
| ५ | प्राप्ति, समस्या र सुझाव | २७ |


Office of the Attorney General, Nepal

# परिच्छेद १
# प्रारम्भिक खण्ड

## १.१ विषय प्रवेशः

राज्यको प्राथमिक कार्य देशमा शान्ति सुरक्षा कायम गर्नु, नागरिकको जीउधनको रक्षा गर्नु र अमनचयन कायम गर्नु हो यसको लागि राज्यले समाजमा अपराध नियन्त्रण गर्न  फौजदारी कानुन मार्फत् निरोधात्मक र उपचारात्मक भूमिकाहरु खेलेको  हुन्छ । यसको लागि अपराध नियन्त्रण गर्न आवश्यक कानुन बनाई कार्यान्वयन गर्ने र उक्त कानुनको कसैले उल्लङ्घन गरेमा उल्लङ्घन कर्तालाई सजाय गर्ने अर्थात दण्ड दिने काम गर्दछ । यसर्थ फौजदारी न्याय प्रशासनको उद्देश्य अपराधीलाई कानूनी प्रक्रियाअनुसार दण्ड दिनु र निर्दोषको  संरक्षण गरी समाजमा शान्ति सुरक्षाको कायम गर्नु हो । फौजदारी न्याय प्रशासनले अपराधको अनुसन्धान, अभियोजन, निष्पक्ष सुनुवाई, न्यायिक सुनुवाई तथा दण्ड सजाय निर्धारण र फैसलाको कार्यान्वयनसमेतका पक्षहरुलाई समेटेको हुन्छ।फौजदारी न्याय प्रशासनको उद्देश्यको कार्यान्वयनको लागि स्थापित ती निकायहरुले आ-आफ्नो जिम्मेवारीको कार्य प्रभावकारी रुपमा गर्नुपर्ने हुन्छ । कुनै एउटा निकायले मात्र कार्यमा प्रभावकारिता ल्याएन भने यसको उद्देश्य पूरा हुन सक्तैन।तसर्थ फौजदारी न्याय प्रशासनका शुरुवात अर्थात मुद्दाको उठान देखि अनुसन्धान अभियोजन र न्यायिक कारवाही समेतमा प्रभावकारिता हुनुपर्दछ । फौजदारी न्याय प्रशासनका यी विविध कार्यहरु मध्ये फैसला कार्यान्वयन एउटा ज्यादै महत्वपूर्ण चरण हो । न्याय गरेर मात्र हुदैन न्याय गरेको जस्तो देखिनु पर्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको पालना कुनै मुद्दामा भएको फैसला कार्यान्वयन पछि मात्र सार्थक हुन्छ । फैसला कार्यान्वयन पछि मात्र अपराध गर्ने व्यक्तिले सजाय पाउने र पीडितले राहत तथा क्षतिपूर्ति पाउँने हुन्छ, तर यसको अभावमा फौजदारी न्याय प्रशासनको उद्देश्यले मूर्त रुप लिन सक्तैन । तसर्थ फौजदारी न्याय प्रशासनमा फैसला कार्यान्वयनको ज्यादै ठूलो महत्व रहेको हुन्छ ।

फौजदारी न्याय प्रणालीलाई समयानुकूल बनाउदै लैजानका लागि समय-समयमा यस बारेमा अनुसन्धान र सर्भेक्षणहरु भइरहेका हुन्छन् र यस्ता अनुसन्धान र सर्भेक्षणहरु आवश्यक पनि हुन्छन् । महान्यायाधिवक्ताको कार्यालय फौजदारी न्याय प्रशासनको एउटा महत्वपूर्ण पाटो हो । तसर्थ यस कार्यालयले संविधान तथा कानुनले तोकेको जिम्मेवारीका अतिरिक्त अन्य अनुसन्धान र अध्ययनका कार्यहरु पनि गर्दै आइरहेको छ । यसै सन्दर्भमा यस कार्यालयको मिति २०७१।०७।२७ गतेको निर्णयानुसार ठगी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको अध्ययन गर्ने कार्यदल गठन भइ यस कार्यदलले आफूलाई प्राप्त कायदिशको आधारमा आवश्यक अध्ययन, अनुसन्धान र विश्लेषण गरी समस्याको पहिचान र सुझाव सहितको यो प्रतिवेदन तयार गरी प्रस्तुत गरेको छ ।

## १.२ अध्ययनको सान्दर्भिकताः

फौजदारी न्याय प्रशासनको एक मात्र अभिष्ट भनेको समाजमा अपराधिक क्रियाकलापमा नियन्त्रण गरी सामाजिक सुरक्षाको प्रत्याभूति दिनु हो । यसको लागि अपराध गर्ने व्यक्तिले सजाय पाउँछ भन्ने विश्वसनीय वातावरणको सृजना हुनु जरुरी हुन्छ । यस्तो विश्वसनीय वातावरणको सृजना फौजदारी न्याय प्रशासनको प्रभावकारी कार्यान्वयनबाट मात्र संभव हुन्छ । फौजदारी न्याय प्रशासनको हरेक चरणको प्रभावकारितामा यसले आत्मसात गरेको अभिष्ठ, लक्ष्य एवं उद्देश्य पूरा हुन सक्छ, तिनमा पनि फैसला कार्यान्वयनको चरण अझै बढी महत्त्वपूर्ण रहेको छ, किनकी फौजदारी न्याय



Office of the Attorney General, Nepal

प्रशासनका मान्य सिद्धान्तहरुलाई आत्मसात गर्न र पीडित न्यायको दृष्टिकोण समेतलाई अवलम्बन गर्न फैसला कार्यान्वन अपरिहार्य हुन्छ। देवानी मुद्दामा होस् अथवा फौजदारी मुद्दामा होस्, वास्तविक रुपमा न्यायको प्राप्ति उक्त मुद्दामा भएको फैसलाको कार्यान्वयनबाट मात्र हुन्छ । मानव अधिकारको संरक्षण र दण्डहीनताको अन्त्यको लागि फैसला कार्यान्वयन एक अनिवार्य शर्त हो ।

फौजदारी कानुनले कुनै पनि समाजमा दोहोरो भूमिका खेलेको हुन्छ । यसले एकातिर सार्वजनिक हितको रक्षा गर्छ भने अर्कोतिर व्यक्तिगत हितको रक्षा गर्छ । सार्वजनिक हित अन्तर्गत शारीरिक वा भौतिक हानीबाट रक्षा गर्ने जस्ता कार्य गर्दछ भने व्यक्तिगत हित अन्तर्गत अनुचित शारीरिक हस्तक्षेप रोक्ने, व्यक्तिगत बेइज्जती रोक्ने तथा व्यक्तिगत सम्पत्ति माथिको हस्तक्षेपलाई रोकी व्यक्तिको सम्पत्ति सम्बन्धी हकको संरक्षण गर्छ । स्वभावैले मानिसको जीउज्यान पछिको महत्वपूर्ण प्यारो चीजवस्तु भनेको उसको सम्पत्ति नै हो ।यसैकारण सम्पत्ति सम्बन्धी हकलाई मौलिक हकको रुपमा संविधानले र कानूनी हकको रुपमा अन्य विभिन्न कानुनहरुले प्रत्याभूत गरेको हुन्छ । ठगी सम्बन्धी अपराध एक सम्पत्ति विरुद्धको अपराध हो । ठगी सम्बन्धी कानुनी व्यवस्थाले समाजका कुनै पनि मानिसको सम्पत्ति धोकाधडीका किसिमले हडप्ने प्रवृत्तिमाथि नियन्त्रण कायम गरेको हुन्छ । धोकाधडी गरी अर्काको सम्पत्ति लिने कार्यलाई हाम्रो कानुनले पनि अपराध घोषणा गरेको छ । उक्त कानुनी व्यवस्थाको उद्देश्य तब मात्र पूरा हुन्छ, जब उक्त कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भई अपराध गर्ने व्यक्तिले दण्ड पाई उक्त कुरा कार्यान्वयनमा आउँछ । ठगी सम्बन्धी मुद्दामा अदालतबाट भएका फैसलाको कार्यान्वयनबाट मात्र यस्ता अपराधबाट पीडित व्यक्तिहरुले वास्तविक रुपमा न्याय पाउँने हुन्छ । तसर्थ, ठगी मुद्दाका अभियुक्तलाई भएको सजाय कार्यान्वयन भएको अवस्था तथा ती मुद्दाका पीडितले बिगो भराई पाएको अवस्थाको यथार्थ जानकारी पाउन ती मुद्दामा भएका फैसलाको कार्यान्वयनको प्रभावकारिताको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

### १.३ कार्यदलको गठनः

ठगी मुद्दाको फैसला कार्यान्वयनको अवस्थाको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको मिति २०७१।०७।२७ गतेको निर्णयानुसार यस कार्यालयका नायब महान्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेलज्यूको प्रत्यक्ष अनुगमनमा सहन्यायाधिवक्ता श्री किर   ण पौडेलको संयोजकत्वमा अध्ययन कार्यदल गठन भएको हो ।उक्त कार्यदलको संरचना निम्नानुसार रहेको छः-

| | |
|---|---|
| सहन्यायाधिवक्ता श्री किरण पौडेल | संयोजक |
| उपन्यायाधिवक्ता श्री शंकर बहादुर राई | सदस्य |
| शाखा अधिकृत श्री ईश्वर आचार्य (प्रतिनिधिः काठमाडौं जिल्ला अदालत) | सदस्य |
| शाखा अधिकृत श्री सीता देवी सुबेदी* | सदस्य |
| शाखा अधिकृत श्री जयन्ती अवस्थी | सदस्य |
| शाखा अधिकृत श्री प्रेममाया राना | सदस्य-सचिव |

Office of the Attorney General, Nepal

(*द्रष्टव्यः- शाखा अधिकृत सीता देवी सुबेदी अध्ययन विदामा बस्नु भएकोले निजको सट्टामा शाखा अधिकृत जयन्ती अवस्थीलाई सदस्यको रुपमा तोकिएको ।)

यस कार्यदलको काममा सघाउनका लागि विशेष कामका लागि अतिरिक्त समय काम गर्ने सहयोगी कर्मचारीका रूपमा निम्न कर्मचारीलाई तोकिएको थियोः

१. ना. सु. श्री कौसल ढुंगाना र २. ह. स. चा. श्री सुदर्शन श्रेष्ठ

## १.४ कार्यदललाई तोकिएको जिम्मेवारी

प्रस्तुत प्रतिवेदनमा मूलतः निम्नलिखित कार्यहरू समावेश हुनुपर्ने भनी कार्यदललाई जिम्मेवारी तोकिएको थियोः

१. कार्यदललाई दिइएको मुद्दाको फरक फरक भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी ५ जिल्लाका कसूर ठहर भई अन्तिम भएका २५ वटा मुद्दाका फैसला अध्ययन गर्नुपर्ने

२. ती फैसलामा ठहर भए अनुसार भएको सजायका सम्बन्धमा निम्न कुराहरूको समेत तथ्यांक संकलन तथा विश्लेषण गर्ने:

क) फैसला कार्यान्वयनको अवस्था, प्रकृया, पहल, कमि कमजोरी,

ख) मुद्दा पुर्पक्ष गर्दा प्रतिवादीलाई थुना, धरौट वा साधारण तारेख कसरी राखिएको छ ?

ग) अदालतका बिभिन्न तहमा फैसलामा एकरुपता भएको छ छैन ?

घ) पुनरावेदन तहमा प्रतिवादीको अवस्था के थियो ? (थुना, धरौट, फरार आदि )

ङ ) असूल तहसिलको समयावधी

च) फैसला अनुसारको पीडितलाई बिगो भराउने तथा क्षतिपूर्ति दिलाउने काम भएको छ छैन ?

छ) फैसला कार्यान्वियन नभएको अवस्था भए के कारणले हुन नसकेको रहेछ ?

## १.५ कार्यदलले लिएको अध्ययनको उद्देश्यः

माथि उल्लेख भए बमोजिम प्रतिवेदन तयार गरी पेश गर्ने प्रयोजनका लागि अध्ययन गर्ने सन्दर्भमा कार्यदलले मूलतः निम्नानुसारको उद्देश्यहरू निर्धारण गरी अध्ययन अनुसन्धान गरिएको छ ।

क) ठगी मुद्दासंग सम्बन्धित कानुनी व्यवस्थाको र फैसला कार्यान्वियन सम्बन्धी कानुनी व्यवस्थाको अध्ययन गर्नु,
ख) ठगी मुद्दासंग सम्बन्धित फैसलाको कार्यान्वयनको अवस्था बारे अध्ययन एवं विवेचना गर्नु,
ग) पीडितका अधिकारको संरक्षण भए नभएको अवस्था बारे अध्ययन र विवेचना गर्नु,
घ) ठगी मुद्दासंग सम्बन्धित फैसलाको कार्यान्वयनमा रहेका समस्याहरूको पहिचान गर्ने,
ङ) समस्या समाधानका लागि आवश्यक सुझावहरू प्रस्तुत गर्ने,

Office of the Attorney General, Nepal

## १.६ कार्यदलले अवलम्बन गरेको अध्ययनको विधि एवं प्रक्रियाः

प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा कार्यदलले मूलतः निम्नलिखित विधि एवं प्रक्रिया अवलम्बन गरेको थियोः-

क) निर्धारित बिषयमा केही तोकिएका जिल्ला सरकारी वकील कार्यालय मार्फत फैसला माग गरी नमूना अध्ययन,

ख) सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका विज्ञ व्यक्तिहरुलाई कार्यदलको बैठकमा आमन्त्रण गरी राय सुझाव संकलन एवं सामुहिक छलफल,

ग) कार्यदलको जिम्मेवारी वहन गर्ने अधिकृतहरूद्वारा सामुहिक छलफल र व्यक्तिगत तवरमा गरिएको खोजबिन र अध्ययन,

घ) यस विषयमा सर्वोच्च अदालतबाट भएका केही फैसलाको अध्ययन,

## १.७ यस विषयमा भएका पूर्व अध्ययनको समिक्षा तथा प्रतिवेदन तयारीको क्रममा प्रयोग गरिएका सन्दर्भ सामग्रीः

### क) पूर्व अध्ययनको समीक्षाः

फैसला कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट अनुसन्धान भै २०६५ सालमा **फैसला कार्यान्वयन सम्बन्धी समस्या र समाधानका उपायहरू** नामक अनुसन्धानमूलक अध्ययन प्रकाशित भएको छ । उक्त अध्ययन फैसला कार्यान्वयनको सम्पूर्ण विषयबस्तुमा केन्द्रित छ । यस अध्ययनले फैसला कार्यान्वयनका सम्बन्धमा रहेका साझा समस्यालाई पहिल्याइ तिनको समाधानका उपाय सुझाएको छ । तर यो अनुसन्धान कुनै खास मुद्दा विशेषका फैसला कार्यान्वयनको अवस्थामा केन्द्रित रहेको छैन ।

### ख) प्रतिवेदन तयारीको क्रममा प्रयोग गरिएका सन्दर्भ सामग्रीः

१) निम्नलिखित जिल्ला सरकारी वकील कार्यालय मार्फत प्राप्त ठगी मुद्दामा भएका फैसला समेतका मिसिलहरूः

- जिल्ला सरकारी वकील कार्यालय मोरङ,
- जिल्ला सरकारी वकील कार्यालय सप्तरी,*
- जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौ,
- जिल्ला सरकारी वकील कार्यालय कास्की,
- जिल्ला सरकारी वकील कार्यालय बाँके

(*यस प्रकृतिका मुद्दा नरहेको भनी जिल्ला सरकारी वकील कार्यालय सप्तरीबाट अन्तिम अवस्थामा जानकारी प्राप्त हुन आएकोले यस जिल्लालाई अध्ययनमा समावेश गर्न सकिएको छैन ।)

२) मुलुकी ऐन

३) न्याय प्रशासन ऐन, २०४८

३) जिल्ला अदालत नियमावली, २०५२

४) सरकारी मुद्दा सम्बन्धि नियमावली, २०४९

Office of the Attorney General, Nepal

५) सरकारी वकील सम्बन्धि दिग्दर्शन, २०६३ (परिमार्जित संस्करण २०७०)

६) बार्षिक प्रतिवेदनहरू, महान्यायाधिवक्ताको कार्यालय

७) नेपाल कानुन पत्रिका तथा सर्वोच्च अदालत बुलेटिनहरू

**१.८ सीमाः**

समय, स्रोत र साधनको सीमितताका कारणले यो अध्ययनमा ठगी मुद्दाका फैसला कार्यान्वयनका सम्बन्धमा केही सीमित ठगी मुद्दाहरूको मात्र नमूना अध्ययन गरिएको छ । अध्ययन कार्यदललाई दिइएको कार्यादिशको सीमाभित्र रही नेपालका बढी मुद्दा रहेको देखिएका बिभिन्न भौ गोलिक क्षेत्रका पाँचवटा सरकारी वकील कार्यालय - जिल्ला सरकारी वकील कार्यालय मोरङ, जिल्ला सरकारी वकील कार्यालय सप्तरी, जिल्ला सरकारी वकील कार्यालय काठमाण्डौ, जिल्ला सरकारी वकील कार्यालय कास्की, जिल्ला सरकारी वकील कार्यालय बाँ केलाई चयन गरिएको थियो । उक्त सरकारी वकील कार्यालयसंग सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गर्दा सप्तरी जिल्ला अदालतमा यस प्रकृतिका मुद्दा फैसला कार्यान्वयनका लागि नरहेको भनी जिल्ला सरकारी वकील कार्यालयबाट जानकारी गराइएकोले बाँकी अन्य जिल्ला सरकारी वकील कार्यालयबाट ठगी मुद्दाका अन्तिम निर्णय भै सकेका फाइलहरू प्राप्त गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा आधारित रही मूलतः फैसला कार्यान्वयनको अवस्थाको विश्लेषण गर्दै त्यसलाई प्रभावकारी बनाउन अपनाउनु पर्ने उपाय सुझाउने तर्फ कार्यदलले आफ्नो काम केन्द्रित गरेको छ ।

**१.९ बजेटः**

प्रस्तुत प्रतिवेदन तयार गर्दा नेपाल सरकारबाट स्वीकृत कार्य संचालन निर्देशिका २०७० द्वारा निर्धारित मापदण्डको अधिनमा रही कार्यदल तथा परामर्शका लागि आमन्त्रण गरिएका महानुभावलाई बैठक भत्ता उपलब्ध गराइएको र खाजा खर्च व्यहोरिएको छ । अध्ययनकालागि निर्धारित जिल्ला सरकारी वकील कार्यालय मार्फत मिसिल माग गर्दा लाग्ने न्युनतम खर्च भुक्तानी दिइएको तथा प्रतिवेदन तयारीमा लाग्ने आवश्यक मशलन्दमा न्यूनतम खर्च गरिएको छ।

**१.१० प्रतिवेदनको स्वरूपः**

प्रस्तुत प्रतिवेदन ५ परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेदमा प्रारम्भिक विषय उल्लेख गरिएको छ । यस अन्तरगत विषय प्रवेश, अध्ययनको सान्दर्भिकता, अध्ययनको उद्देश्य, अध्ययनको विधि र प्रक्रिया तथा अध्ययनको सीमा जस्ता विषय समेटिएका छन् । दोश्रो परिच्छेदमा मुलुकी ऐनमा रहेको ठगी सम्बन्धी कानुनी व्यवस्था र फैसला कार्यान्वयन सम्बन्धी कानुनी व्यवस्था तथा ठगीको वारदातका सम्बन्धमा सर्वोच्च अदालतबाट गरिएका व्याख्याको उल्लेख गरिएको छ । तेस्रो परिच्छेदमा अध्ययनका लागि प्राप्त फाइलहरूबाट देखिएका बिबरणहरू उल्लेख गरिएको छ । यस अन्तरगत अभियोग पत्रसम्मको कारबाही , फैसलासम्मको अदालती कारबाही तथा फैसला कार्यान्वयनको कारबाहीलाई फरक फरक तालिकामा देखाइएको छ । चौथो परिच्छेदमा प्राप्त फाइलबाट देखिएका प्रस्तुत अध्ययनसंग सम्बन्धित बिबरणहरूको विश्लेषण गरिएको छ । पाँचौ परिच्छेदमा अध्ययन गरिएका मुद्दामा देखिएको फैसला कार्यान्वयनको अवस्था, त्यसमा देखिएका समस्या तथा तिनको समाधानको उपायका बारेमा उल्लेख गरिएको छ ।

Office of the Attorney General, Nepal

Office of the Attorney General, Nepal

# परिच्छेद २

## ऐन, कानुन र सर्वोच्च अदालतका फैसला

ठगी परम्परागत आर्थिक कसूर अन्तरगत पर्ने कसूर हो । प्रचलित नेपाल कानुन अनुसार यस कसूर सम्बन्धी मुद्दा नेपाल सरकार वादी भै चल्छन् । सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्था अनुसार यस कसूरका मुद्दा यस ऐनको अनुसूची १ मा उल्लेख गरिएका छन् । ठगीको कसूरको अनुसन्धान प्रहरी कर्मचारीबाट हुन्छ र अभियोग पत्र सरकारी वकीलबाट दायर गरिन्छ । आ. व. ०७०-७१ को महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन अनुसार उक्त आर्थिक वर्षमा ठगी मुद्दाको लगत विभिन्न तहका सरकारी वकील कार्यालयमा निम्न अनुसार रहेको छः

| क्र. सं. | सरकारी वकील कार्यालय | मुद्दाको लगत | कैफियत |
|---|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालय | ६६ | |
| २. | पुनरावेदन सरकारी वकील कार्यालयहरू | ४२४ | |
| ३. | जिल्ला सरकारी वकील कार्यालयहरू | ७८८ | |

यस अवधिमा नेपालभर दायर भएका ठगी मुद्दाको संख्या ३९२ रहेको छ भने दर्ता भएका ठगीको अपराधको संख्या ४११ रहेको छ ।

यस परिच्छेदमा ठगी सम्बन्धी नेपाल कानुनको व्यवस्था, यस कसूरका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका व्याख्या र फैसला कार्यान्वयनसंग सम्बन्धित कानुनको उल्लेख गरिएको छ ।

१- नेपालमा फौजदारी न्याय प्रणालीमा ठगी सम्बन्धी अपराधको सम्बन्धमा मुलुकी ऐनको ठगीको महलमा रहेको कानुनी निम्नानुसारको छः

> १ नं. कसैले आफनो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल हक पुग्नेलाई वा जसका जिम्मामा रहेकोछ उसलाई ललाई-फकाई वा जाल परिपन्च गरी वा आफनो हक नभएको सम्पत्तिमा आफनो हक पुग्ने कीर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसंग नभएको कुरा आफूसंग छ भनी झुक्याई वा झुठो कुरालाई सद्दे हो भनी झुक्याई वा अरू जुनसुकै व्यहोरासंग धोका दिई गफलतमा पारी आफनो हक नपुग्ने अर्काको हकको चल-अचल धनमाल लिए दिए दिलाएमा वा अर्काको माल मेरो हो भनी वा मेरो भएकोछ भनी लिखत गरी वा नगरी सोही माल लिए दिए बिक्री व्यवहार गरेमा वा सट्टापट्टा गरी लिएमा ठगी गरेको ठहर्छ।
>
> २ नं. कसैले आफनो नाउँ ढाँटी सो नाउँ मेरो होइन, अर्केको हो भनी वा सो मानिस म होइन अर्के हो भनी र अर्को मानिसको नाउँलाई मेरो हो सो मानिस मै हुँ भनी भन्नु वा त्यस्तो कुरा अर्काबाट जानी बुझी भनाउनु भनी दिनु इत्यादि जुनसुकै कुरो गरी होस् कसूर सजायबाट बच्नाका लागि वा बेइमानीका नियतसंग अरू कसैलाई धोका, गफलत वा झुक्यानमा पारी अर्काको नोक्सान वा आफनो फाइदा हुने काम गरेमा ठगी गरेको ठहर्छ।
>
> ३ नं. ठगिनेले ठगी गर्नेलाई पक्की भाखा तमसुक गराई राखेको रहेछ भने साहू असामी सरह हुन्छ।
>
> ४ नं. ठगी गर्नेलाई ठगी लिएको बिगो कायम भएमा हक पुग्नेलाई बिगो भराई बिगो बामोजिम र बिगो कायम नभएमा पाँचहजार रुपैयाँसम्म जरिबाना र पाँचवर्ष सम्म कैद हुनेछ।

Office of the Attorney General, Nepal

५ नं. ठगी गर्नेसंग मिलि ठगी गरेको धनमाल बाँडी लिने वा ठगी गर्नलाई मद्दत दिने वा ठगी गर्नको निमित्त गरेको कुनै लिखतमा जानी जानी साक्षी हुने व्यक्ति मतियार ठहर्छ त्यस्तालाई ठगी गर्ने सरह सजाय हुन्छ ।

६ नं. ठगी ल्याएको हो भनी जानी जानी ठगी ल्याएको धनमाल लिने वा किन्नेबाट सो लिए किनेको धनमालको बिगो हक पुग्नेलाई भराई त्यस्तो लिने किन्नेलाई दुई सय पचास रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।

७ नं. ठगी गरेको धनमाल दिए लिएकोमा पाउने वा लिनेको सदर हुँदैन । जोसित छ उसैबाट माल भए माल, नभए बिगो सो धनमालमा हक पुग्नेलाई भराई दिनु पर्छ । ठगी गरी ल्याएको हो भनी जानी जानी लिनेको थैली भराई दिनु पर्दैन । नजानी लिएको भए थैली कपाली सरह हुन्छ ।

८ नं. यस महलमा लेखिएको कुरामा नेपाल सरकार वादी हुनेमा नेपाल सरकार लाई सो कुरा थाहा भएको मितिले एक वर्षभित्र र अरू अवस्थामा सो कुरा गरे भएको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन ।

२- सर्वोच्च अदालतबाट के कस्तो प्रकृतिको काम ठगीको अपराध अन्तर्गत परिभाषित गर्ने भन्ने सम्बन्धमा विभिन्न समयमा विभिन्न व्याख्या गरी फैसला भएको पाईन्छ । जसमध्ये केही फैसला निम्नलिखित रहेका छन्-

क) ने का प २०७०, अंक ४, पृष्ठ ५७०, अजित राज ढुंगेल वि. नेपाल सरकार

सहकारीको रकम आफूखुशी नियम विनियम तथा संस्थागत प्रक्रिया बाहेक खर्च गरिन सक्दैन । यस्ता कार्यमा आपराधिक मनसाय थिएन भन्न सकिँदैन । मुद्दा आरम्भ भइसके पछिका कुनै भनाई वा पत्राचार विवादित कार्य हुँदाका कुनै अभिलेखबाट पुष्टि नभएमा सोलाई प्रमाणका रूपमा ग्रहण गरी कुनै न्यायिक अवधारणा बनाउन नमिल्ने ।

ऐन विनियमले व्यवस्था नै नगरेको प्रक्रिया अपनाई संस्थाको कुनै कारोवार गरिन्छ भने सो कार्यमा संलग्न व्यक्ति व्यक्तिगत रूपमा जिम्मेवार हुनुपर्ने ।

ठगीको कसूर भयो कि भएन भन्नको लागि तत्काल घटित कार्यलाई नै हेरिने हो । पुनरावेदक प्रतिवादीले अर्को संस्थाको नाउँमा कर्जा स्वरूप रकम दिई आफनो पदीय दायित्व निर्वाह गरेको भनी जिकीर लिए पनि उक्त रकम आफ्नै संस्थाको उपाध्यक्षको नाउँमा चेक काटी सो रकम सम्बन्धित संस्थालाई धोका दिई गफलतमा पारी दुरूपयोग गरी संस्थालाई हानि नोक्सानी र सम्बन्धित व्यक्तिलाई लाभ पुऱ्याउने उद्देश्यले दिइएको कार्यबाट ठगी गर्ने मनसाय स्पष्ट हुने ।

ख) ने का प २०७०, अंक १, पृष्ठ ११९, नेपाल सरकार वि. मधुसूदन पुरी समेत

अपराध घटाउनको लागि पूर्वतयारी स्वरूप खातावालाको हस्ताक्षर मिलाउनको लागि हस्ताक्षर भएको चेकको फोटोकपी गरी लिने, नयाँ चेकबुक लिनको लागि हस्ताक्षर मिलाई निवेदन दिएर नयाँ चेकबुक लिने, खाता खोल्नको लागि नक्कली नागरिकता बनाउने, नक्कली लेटरप्याड तयार गर्नेलगायतका यी प्रतिवादीहरूद्वारा गरिएका कार्यहरू बैंक ठगी गर्ने मनसाय र उद्देश्य लिएर गरिएको र यसबाट निषेधित परिणाम निस्कन्छ भन्ने कुरा जानी-जानी गरेको र सो मनसाय (Mens rea) अनुरूपको कार्य (Actus reus) समेत सम्पन्न भएको देखिन्छ ।

यसरी हेर्दा ठगी जस्तो फौजदारी कसूरमा यी प्रतिवादीहरूले जानी-जानी सो कार्य आपराधिक कार्य हो र सोबाट निषेधित परिणाम निस्कन्छ भन्ने थाहा जानकारी हुँदाहुँदै ठगी गर्ने सोचबिचार गरी मनसायका साथै कुनैले चेकको फोटोकपी गर्ने, कुनैले हस्ताक्षर मिलाउने, कुनैले नक्कली नागरिकता बनाउने, कुनैले लेटरप्याड बनाउने, कुनैले रकम ट्रान्सफर गर्नेलगायतका कुनै न कुनैले एउटा संगठित अपराधलाई पूर्णता दिन संजालयुक्त कार्य (Networking) मा



Office of the Attorney General, Nepal

सहभागिता जनाई बैंक ठगीको अपराधमा कुनै न कुनै भूमिका निर्वाह गरेर बैंक ठगी गर्ने कार्य सम्पन्न भएको स्पष्ट रूपमा देखिन आयो ।

ग) ने का प २०६७, अंक ७, पृष्ठ ११११६, नेपाल सरकार वि. ज्ञानेन्द्र बिष्ट

ठगी गर्ने उद्देश्यले कीर्ते गरी तयार पारिएको नक्सा अनुसारको जग्गा धितो राखी कर्जा लिइएको र कर्जा प्रयोजनका लागि तयार पारिएका धितो बन्धक कागज र शर्तबन्देज कागजमा प्रतिवादी साक्षी समेत बसेको देखिँदा निजलाई ठगीको ५ नं. बमोजिमको कसूरबाट उन्मुक्ति प्रदान गर्न नमिल्ने ।

घ) ने का प २०६६, अंक ४, पृष्ठ ५८३, नारायण थापा वि. नेपाल सरकार

निश्चित समयपश्चात् रकम फिर्ता गर्नुपर्ने दायित्व भएको सञ्चालक समितिले आफ्नो दायित्व पूरा नगरेको र निज प्रतिवादीले अदालत एवं अधिकारप्राप्त अधिकारीसमक्ष वयान गर्दा जाहेरीवालहरूको वचत रकम फिर्ता गरिसकिएको छ भनी भन्न नसकेको अवस्थामा जाहेरी कथन र अभियोग दावी सत्य साँचो नै देखिने ।

आफ्नो सहकारी संस्थामा राम्रो व्याज दिने भनी आकर्षण देखाई रकम जम्मा गर्न लगाई निजहरूले मागेका वखत रकम फिर्ता नदिई संस्था नै बन्द गरी हिँडेको कार्यलाई वचतकर्ताहरूलाई गलफतमा पारी धोका दिएको होइन भन्न कानुनतः नमिल्ने ।

ङ) स अ बुलेटिन, बर्ष १७, अंक १२, पूर्णाङ्क ३९०, पृष्ठ १, नेपाल सरकार वि. मोहन बहादुर मैनाली

आफ्नो हक नपुग्ने चल वा अचल सम्पत्ति सम्पत्ति मालिकलाई ललाई फकाई वा जाल प्रपन्च गरी आफ्नो बनाउने तथा धोखा दिई जुनसुकै व्यहोराले गफलतमा पारी अर्काको संपत्ति लिए दिए वा दिलाउने समेत गरेमा ठगीजन्य क्रिया घटितहुन जाने,

जाहेरवालीको लगानीबाट रिर्सोट सन्चालन गर्न भौतिक पूर्वाधार सहित तयार भई सन्चालनमा आउने अवस्थामा रहेको विवादित घर ,जग्गा सो केही नजनाई निर्मित भौतिक संरचनाको अस्तित्व लोप गरी खेतीको जग्गा भनी जाहेरवालालाई थाहा नदिई अर्को प्रतिवादीलाई राजीनामा गरिदिएको कार्य मुलुकी ऐन ठगीको १ नं. को परिभाषा भित्र पर्ने नै देखिने ।

च) स अ बुलेटिन, बर्ष १८, अंक २१, पूर्णाङ्क ४२३, पृष्ठ २२, नेपाल सरकार वि. अजीज कवारी

प्रतिवादीले जाहेरवाला संग समिद कवारीलाई विदेशमा वैदेशिक रोजगारको काममा पठाई दिने भनी धोखाको नियतले रु.३५,०००।— लिएको पुष्टि हुन गएको र निज प्रतिवादी संग वैदेशिक रोजगारको कारोबार संचालित गर्ने आधिकारिक इजाजत अनुमतिपत्रसमेत नभएको अवस्थामा जाहेरवालाको ज्वाई पीडित समिद कवारीलाई नक्कली भिसा बनाई गलत तरिकाले विदेश कतार पठाउने सम्मको परिपन्च रची दूषित मनसायले गरेको कार्य ठगीको परिभाषाभित्र पर्ने ।

३- हाम्रो कानुनी व्यवस्थालाई नियाल्दा मुद्दामा फैसला कार्यान्वयनको सन्दर्भमा कैद असूल सम्बन्धी, जरिवाना असूल सम्बन्धी तथा बिगो भराउन लागि मुलुकी ऐन, दण्ड सजायको महलमा निम्नानुसारको व्यवस्था विद्यमान रहेको पाईन्छः

क) फैसला कार्यान्वयनका क्रममा कैद सजाय असूल गर्ने सम्बन्धमा मुलुकी ऐन दण्ड सजायको महलको २३ नं.मा रहेको व्यवस्था निम्न अनुसार छः

सजाय तोकी फैसला गर्दा सजाय पाउने कसूरदार हाजिर रहेको भए सो फैसला गर्ने अड्डाले नै उसै बखत पक्री फैसलाले लागेको सजाय असूल गर्नु पर्छ । सो गर्दा जरिवाना लागेकोमा बुझाए बुझी वा सो बापत



Office of the Attorney General, Nepal

जेथा जमानी लिई छाडी दिनुपर्छ । कैद लागेकोमा पुनरावेदन गर्न अदालती बन्दोबस्तको महलको १९४ नम्बर बमोजिम धरौट वा जमानत दिएमा सो लिई छाड्नु पर्छ । नबुझाए वा नदिए जरिवाना बापत लाग्ने कैद र फैसलाले भएको कैद समेत असूल गर्न कारागारमा पठाई दिनु पर्छ । सजाय पाउने कसूरदार हाजिर नरहेको भए गिरफतार गर्न अड्डाबाटै सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गरी यसै महलको २५ र २६ नम्बरहरूमा लेखिए बमोजिमको कारवाई समेत चलाउनु पर्छ । सो बमोजिम लेखि आएमा सम्बन्धित प्रहरी कार्यालयले सजाय पाउने कसूरदारलाई खोज तलास गरी पक्री अड्डामा दाखिल गर्नु पर्छ । फैसला बमोजिम लागेको सजायको लगत फैसला गर्ने अड्डाले आफैले कस्नु पर्नेमा आफै कस्नु र अन्य इलाकाको शुरु अड्डामा कस्न पठाउनु पर्नेमा सो अड्डामा फैसला भएको सातदिन भित्र पठाउनु पर्छ । लगत कस्दा कस्न पठाउँदा सजाय पाउने कसूरदारलाई फैसला बमोजिम लागेको सजाय र सो असूल गर्न गरेको कारवाही समेत खुलाउनु पर्छ । साधक जाहेर गरेकोमा साधक निकासा भई आएपछि सो बमोजिम लगत कस्नु कसाउनु पर्छ ।

ख) फैसला कार्यान्वयनका क्रममा जरिवानाको सजाय असूल गर्ने सम्बन्धमा मुलुकी ऐन दण्ड सजायको महलको २५ नं.मा रहेको व्यवस्था निम्न अनुसार छः

जरिवाना वा सरकारी बिगो असूल गर्नलाई दुनियाँको बिगो उपर नहुन्ज्याल पर्खी रहनु पर्दैन । सरकारी बिगो लागेको मानिसले सो तिरे लिई र नतिरे ऐन बमोजिम जायजात गरी असूल गर्नु पर्छ । सो बमोजिम जायजात गरी लिंदा नपुगेको बाँकीमा हाजिर रहेको भए तुरुन्त र हाजिर नरहेको भए यसै महलको २३क. नम्बर बमोजिम गर्नु पर्छ । सरकारी बिगो बाहेक कैद जरिवाना लागेकाको हकमा सो जरिवाना तिरे लिई नतिरे सो जरिवाना बापत समेत कैद गर्नु पर्छ । कैद भएपछि जायजात गर्नु हुँदैन । कैद जरिवाना लागेको मानिस भागी गयो भने यसै महलको २३ नम्बर बमोजिम पक्राउ गरी जरिवानामा र एक दिनको पचास रुपैयाँको दरले रुपैयाँ कसी कैदमा समेत जायजात गरी असूल गर्नु पर्छ । फैसला बमोजिम कैद हुने ठहरेको मानिस यसै महलको २४ नम्बरको म्यादभित्र फेला परे निजलाई फैसला बमोजिम कैद गरी कैद वापत आएको रुपैयाँ फिर्ता दिनु पर्छ ।

ग) फैसला कार्यान्वयनका क्रममा बिगो भराउने सम्बन्धमा मुलुकी ऐन दण्ड सजायको महलको ४२ नं.मा रहेको व्यवस्था निम्न अनुसार छः

बिगो भरिपाउनेमा सो भरिपाउनेको दरखास्त नपरी भरीभराउ गर्न हुदैन । भरिपाउनालाई फैसलाको रीतपूर्वकको नक्कल ली देहायको म्यादमा जायजातको दरखास्त दिन आएमा देहाय बमोजिम गरी भराई दिनु पर्छ । सो म्याद नाघेपछि दरखास्त लाग्न र म्यादभित्र दरखास्त दिएमा अड्डाबाट दिएको तारीख गुजारी बस्यो भने फैसलाले पाउने भएको बिगो भरीभराउ हुन सक्तैन -------------------------------------------

बिगो भरिपाउने गरी आखिरी फैसला भएको मितिले तीन वर्षभित्र दरखास्त दिनुपर्छ । लेखिएको म्यादभित्र दरखास्त दिन आएमा बिगो भरी पाउने काम खतम नभएसम्म अड्डाबाट दिएको तारीखमा रही जायजात समेत देखाई दिउँला तारीख गुजारे ऐन बमोजिम गर्नु भन्नेसमेत बोली पारी दरखास्त लिई तारीखमा राखी दरखास्त परेका मितिले तीन महीनासम्ममा फैसला बमोजिम भराई दिनुपर्ने ठहरेको बिगो नतिरे ऐन बमोजिम जायजात गरी भराइदिनुपर्छ...................................................................................१

माथि १ दफा बमोजिम जायजातबाट पूरा बिगो पुगेन भने नपुगजतिमा लेनदेन व्यवहारको महलको १९ नम्बर, दामासाहीको महलको १० नम्बर, बाँकी नतिर्नेको महलको १० नम्बर, चोरीको महलको १० नम्बर र आगो लगाउनेको महलको ९ नम्बर बमोजिम कैद गराउन पाउनेमा कैद गराईपाऊँ भनी कैदमा बसुञ्ज्याल



Office of the Attorney General, Nepal

खानालाई कैदी थुनुवाले पाउने सरहको सिधा खर्चसमेत दाखिल गरी अघि जायजातबाट भरी पाएका सात दिनभित्र दरखास्त दिनुपर्छ । त्यस्तो दरखास्त पर्न आयो भने हाकिमले त्यस कुराको पर्चा खडागरी कैद गरिदिनुपर्छ । सो बमोजिम कैद नगराएको वा कैद नहुनेमा अघि जायजात हुंदा दबाए छपाएको भए मात्र दबाए छपाएको चल अचल धन मालको पत्ता लगाई अघि भरी पाएका मितिले दुई वर्षभित्र दरखास्त दिनुपर्छ । सो म्यादभित्र दबाए छपाएको चल अचल धनमालको फांट खोली दरखास्त दिन आयो भने ऐनको रीत पुऱ्याई पत्ता लगाई ल्याएको ज्यथा धनमाल लिलाम बिक्री गरी धनीलाई भराईदिनुपर्छ । लेखिए बमोजिम भइ सकेपछि पनि भरी पाउने जम्मै धन पुग्न सकेन भने नपुगमा सो जायजात हुनेलाई पक्रन दावा गर्न र दोहारो जायजात गराउनसमेत पाउँदैन । बही खाता तमसुक लिखत समेत जो छ फट्टा गराई दिनुपर्छ ......२

जायजात गर्नु नपरी अड्डाबाट भराईदिएको वा जायजातबाट उपर भएको बिगो भराई दिएकोमा ऐन बमोजिम उसै बखत दशौंद बिशौंद उपर गरी लिनुपर्छ ........................................................................३

जायजात गर्नुपर्ने मानिस अर्कै इलाकामा बसेको रहेछ र पूर्जीद्वारा अर्कै अड्डाबाट गर्नुपर्नेमा धनीले जायजात देखाउन गए उसलाईसमेत राखी र नगए अड्डैबाट बाटाका म्याद बाहेक पन्ध्र दिनभित्र गरिदिनुपर्छ ..........४

जायजात गराइमाग्ने दरखास्त दी कारवाईलाई अड्डाबाट दिएको तारेख गुजारी बस्नेलाई यसै महलको ४८ नम्बर बमोजिम गरी बिगोको लगतसमेत काटी दिनु पर्छ.................................................................५

३- फैसला कार्यान्वयन सम्बन्धमा जिल्ला अदालत नियमावली २०५२ मा रहेको व्यवस्था निम्न अनुसार रहेको छः

क) उक्त नियमावलीको नियम ६८ ले गरेको व्यवस्था निम्न अनुसार छः

- फैसला कार्यान्वयन गर्नु पर्ने सम्बन्धी सम्पूर्ण काम जिल्ला अदालतको तहसिलदारले गर्नु पर्दछ ।
- अदालतको फैसलाले लागेको दण्ड, जरिवाना र कैदको लगत मूल लगत किताबमा राखी असुल तहसिल गर्ने, लगत कट्टा गराउने, फैसला बमोजिम विगो भराउने, बण्डा छुट्याउने र फैसला कार्यान्वयन गर्ने सिलशीलामा सबै काम तहसिल शाखाले गर्नुपर्छ ।
- फैसलाले ठहर भएबमोजिम जरिवाना लागेकोमा सो जरिवानाबापत कैद ठेक्नु पर्दा जरिवानाको अङ्क र जरिवानाबापत कैद म्याद समेत किटान गरी मूल लगत किताबमा लगत कस्नु पर्ने । यसरी जरिवाना लागेको व्यक्तिले जरिवानाको रकम बुझाउन ल्याए बुझी सदर स्याहा गरी जरिवानाको लगत कट्टा गरी दिनु पर्ने । जरिवाना तिर्न नसक्ने व्यक्तिको हकमा जरिवाना तथा सोबापत ठेकिएको कैद म्यादको लगतसहित कारागार कार्यालयमा पठाई दिनु पर्ने । यसरी लगत पठाएकोमा कारागार कार्यालयबाट आफ्नो लगत पुस्तिकामा सोको लगत कसिएको जानकारी प्राप्त भएपछि सोही आधारमा अदालतले मूल लगत पुस्तिकाबाट जरिवाना तथा जरिवानाबापत ठेकिएको कैदको लगत कट्टा गरी दिनु पर्ने ।
- पुनरावेदन सुन्ने अदालतमा दण्ड जरिवाना बुझाएको कुराको सूचना प्राप्त भएमा तहसिल शाखाले सम्बन्धित मुद्दाको दण्ड जरिवानाको लगत कट्टा गर्नु पर्छ ।
- अदालतको फैसलाले लागेको दण्ड, जरिवाना, कैदको लगतको असुल तहसिल अन्य अदालतबाट गराउनु पर्ने भए त्यस्तो लगत सम्बन्धित अदालतको तहसिल शाखामा पठाउनु पर्छ । यसरी लगत कस्न पठाइएको अदालतबाट लगत कसिएको जनाउ प्राप्त भएपछि मात्र आफ्नो अड्डामा रहेको लगत कट्टा गर्नुपर्छ ।

Office of the Attorney General, Nepal

- लगत भिडाउने र असुल तहसिल डोर खटाउने प्रयोजनका लागि दण्ड जरिवाना र कैदको लगत फछ्र्यौट बाँकीको विवरण गाउँ विकास समिति वा नगरपालिकाको वडा अनुसारको हिसाबले तयार गर्नु पर्छ ।
- असुल तहसिल गर्नु पर्ने बाँकीवाला कुनै कामले अदालतमा आएमा पक्राउ गरी तत्काल असुल गर्नु पर्छ । त्यस्तो बाँकीवाला व्यक्तिलाई अदालतको कर्मचारीले जहाँसुकै फेला पारे पनि पक्राउ गरी असुल गर्न सक्तछ ।
- अभियोगपत्र साथ दाखेल भएका अंश सर्वस्व रोक्का र जेथा जमानतको चल अचल धनमालको लगत तहसिल शाखामा दिनु पर्छ, तहसिल शाखाले पनि त्यसको छुट्टै लगत तयार गरी राखी पछि फैसला वा आदेश भए बमोजिम गर्नुपर्छ ।

ख) उक्त नियमावलीको नियम ६९ मा भएको व्यवस्था अनुसार अन्य जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतले गरेको फैसला बमोजिम आफ्नो क्षेत्रभित्र कार्यान्वयन गर्नुपर्ने दण्ड, जरिवाना, कैद र बिगोको लगत सम्बन्धित जिल्ला अदालतको तहसिल शाखाले बुझी असुल तहसिल गर्नुपर्छ ।

ग) उक्त नियमावलीको नियम ८६ मा भएको व्यवस्था अनुसार अदालतको फैसलाले लागेको दण्ड जरिवाना र कैदको लगत दुरूस्त राख्न लगाउने र सोही लगत बमोजिम असुल तहसिल गराउने अन्तिम जिम्मेवारी सम्बन्धित जिल्ला न्यायाधीशको हुने कानूनी व्यवस्था रहेको छ ।

४- अदालतबाट भएका फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमनको सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०४९ मा फैसला कार्यान्वयन निर्देशनालयको व्यवस्था रहेको छ । उक्त नियमावलीको नियम १०५ङ मा गरिएको निर्देशनालय स्थापना सम्बन्धी व्यवस्था निम्न अनुसार छः

(१) सर्वोच्च अदालत र मातहत अदालतबाट भएको फैसला तथा अन्तिम आदेशको कार्यान्वयन तथा अनुगमनका लागि सर्वोच्च अदालतअर्न्तगत एक फैसला कार्यान्वयन निर्देशनालय रहने ।

(२) सर्वोच्च अदालतले नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई महानिर्देशकको रुपमा काम गर्ने गरी तोक्ने । र निर्देशनालयमा आवश्यकतानुसार कर्मचारीहरू रहने ।

(३) निर्देशनालयले आफूले सम्पादन गरेका कामहरूको प्रतिवेदन सर्वोच्च अदालतमा पेश गर्नु पर्ने ।

उक्त नियमावलीको नियम १०५च. ले निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने भनेको छः

(क) फैसला कार्यान्वयनसम्बन्धी केन्द्रीय निकायको रुपमा काम गर्ने,

(ख) फैसलाबमोजिमको दण्ड जरिवाना, सरकारी बिगोसम्बन्धी लगत कम्प्युटर सञ्जालमा समेत राखी केन्द्रीय अभिलेखालयको काम गर्ने,

(ग) सर्वोच्च अदालतबाट शुरु कारबाही र किनारा भएका मुद्दामा फैसला वा अन्तिम आदेशअनुसार कायम हुने लगतको विवरण राखी असूलउपर गर्न सम्बन्धित अड्डा, अदालत वा निकायमा लेखी पठाउने,

(घ) सर्वोच्च अदालतबाट रिट निवेदनको सन्दर्भमा जारी भएका अन्तिम आदेश तथा निर्णयको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन गराउने,

(ङ) विभिन्न अदालतको फैसलाअनुसार लागेको दण्ड, जरिवाना, कैद र सरकारी बिगो असूल तहसील गर्ने र फैसलाबमोजिम बिगो भराउने, चलन चलाउने, वण्डा छुट्याउने एवं पीडितलाई क्षतिपूर्ति भराउने लगायतका कार्यमा सहयोग पुऱ्याउने र त्यसको अनुगमन गर्ने,



Office of the Attorney General, Nepal

(च) कैद, दण्ड जरिवाना, सरकारी विगोको अद्यावधिक लगत प्रकाशन गरी नेपाल सरकारका विभिन्न निकायहरूमा असूलउपरको लागि लेखी पठाउने,

(छ) मुद्दाको जिन्सी सामानको व्यवस्थापनसम्बन्धी नीति तयार गरी त्यसको संरक्षण गर्ने, गराउने र अभिलेख राख्ने,

(ज) धरौट तथा जेथा जमानतसम्बन्धी अभिलेख व्यवस्थापन गर्ने गराउने,

(झ) फैसला कार्यान्वयन सम्बन्धमा मातहतका अदालत तथा अर्धन्यायिक निकायहरूलाई नीतिगत निर्देशन दिने,

(ञ) फैसला कार्यान्वयनमा संलग्न कर्मचारीलाई आवश्यकतानुसार क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ट) फैसला कार्यान्वयनको क्रममा आइपरेका समस्याहरू समाधान गर्न आवश्यकतानुसार प्रहरी समेत परिचालन गरी आवश्यक उपायहरू अवलम्बन गर्ने, गराउने,

(ठ) फैसला कार्यान्वयनसम्बन्धमा सरोकारवालाहरूसँग समन्वय कायम गरी सहयोग प्राप्त गर्ने प्रवन्ध मिलाउने,

(ड) फैसला कार्यान्वयन सम्बन्धी काम कारबाहीको निरीक्षण, अनुगमन एवं मूल्याङ्कन गर्ने र फैसला कार्यान्वयन सम्बन्धमा गर्नुपर्ने नीतिगत तथा कानुनी सुधारको विषयमा सर्वोच्च अदालतसमक्ष सुझाव पेश गर्ने,

(ढ) दण्ड जरिवाना तथा सरकारी बिगोको लगत र अभिलेख व्यवस्थापन गर्ने प्रयोजनको लागि आवश्यक पर्ने फारामका ढाँचाहरू स्वीकृत गरी गराई लागू गर्ने गराउने,

(ण) फैसला कार्यान्वयनलाई आवश्यक पर्ने सफ्टवेयर निर्माण गरी आफ्नो काम, कारबाहीलाई सूचना प्रविधि सञ्जालमा आवद्ध गर्ने, गराउने,

(त) सर्वोच्च अदालतबाट तोकिएका अन्य कामहरू गर्ने गराउने ।

Office of the Attorney General, Nepal

# परिच्छेद ३

## अध्ययन गरिएका फाइलबाट देखिएका बिबरण

छानिएका जिल्लाबाट प्राप्त भएका फाइल अध्ययनका क्रममा लिइएका विवरणलाई तीन वर्गमा बाँडिएको छ । पहिलो वर्गको विवरणमा अभियोग पत्रसम्मको कारबाहीलाई समेटिएको छ । दोश्रो वर्गमा फैसलासम्मको अदालती कारबाहीलाई राखिएको छ । तेस्रो वर्गमा फैसला कार्यान्वयनको कुरालाई राखिएको छ । उक्त विवरणहरू क्रमशः तालिका नं १, २ र ३ मा उल्लेख गरिएको छ ।

तालिका नं १ अभियोग पत्रसम्मको विवरण

| क्रमसंख्या | जाहेरी दिनेको हैसियत | प्रतिवादीको संख्या | अभियोग पत्रसाथ प्रस्तुत गरिएका प्रतिवादीको संख्या | कसूर र सजाय माग दावी | दावी बिगो रु. | कैफियत (मुद्दा संकेत) |
|---|---|---|---|---|---|---|
| १ | पीडित | २ | २ | मुलुकी ऐन, ठगीको महल, १ र नं २/ ४ नं | १,१०,०००।- | काठ २०६०-१४१/११९२ |
| २ | पीडितहरू | ३ | २ | मुलुकी ऐन, ठगीको महल, १ र नं २/ ४ नं | ११,२४, १०७।- | काठ ०६२/०६३-३५२/१०४७ |
| ३ | पीडितहरू | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | २०,३५७।- | काठ ०५९/६०-५८४ |
| ४ | पीडितहरू | १ (विदेशी, भारतीय) | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | ८,००,०००।- | काठ ०६१/६२-७२४/१५१७ |
| ५ | पीडितहरू | ३ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | १९,०००।- | काठ ०६०/६१-७७२ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | विदेशी दुतावासको पत्र (जापानी) | २ (विदेशी, भारतीय) | २ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ३,८९,६००।- | काठ २०६०-४४९/८५७ |
| ७ | पीडित | १(घटनामा संलग्न ४ जनाको स्पष्ट वतन नखुलेको) | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ३,८८,०००।- | काठ २०६२/२०६३-४२९/११९८ |
| ८ | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | १,५६,०००।- | काठ ०६०/०६१-६९९/७०६ |
| ९ | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | १७,२२,०००।- | काठ २०६१/०६२-३१०/८९२ |
| १० | पीडितहरू | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ४,३९,०००।- | कास्की २०६८-३८७/१४९ |
| ११ | संस्थाको तर्फबाट कर्मचारी | ४ | ० | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | १३,०७,३२२।- | कास्की ०६९-३६५/१६४ |
| १२ | पीडितहरू | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | ३,९१,६०१।- | कास्की ०६७-२२१/२७ |
| १३ | पीडित | २ | २ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | १,३४,८३४।- | कास्की २०६८-२०७/४६ |
| १४ | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं | १,३१,०००।- | बाँके ७४-२०६९-०१०१३ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | / ४ नं | | |
| १५ | पीडितहरू | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | २५,०००।- | बाँके ७४-०६७-००२६० |
| १६ | पीडितहरू (सबै महिला) | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | २,००,९८५।- | बाँके ७४-०६९-०१०१२ |
| १७ | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | ९,५०,०००।- | बाँके ७४-०६८-००००२ |
| १८ | पीडित (संस्था) | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ नं / ४ नं | १३,४१,२६६।७७ | मोरङ २७-०६५-००६७६ |
| १९ | पीडित | १ | | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ९,००,०००।- | मोरङ २७-०६७-०१५३३ |
| २० | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ७०,०००।- | मोरङ २०६९-स फौ-०१३६ |
| २१ | पीडित | १ | १ | मुलुकी ऐन, ठगीको महल, १ र २ नं / ४ नं | ६०,०००।- | मोरङ २०६९-स फौ- ०१२९२ |

तालिका नं २ अदालती कारबाहीको विवरण

| क्रमसंख्या | थुनछेक आदेश | भएको सजाय | पुनरावेदन तहमा प्रतिवादीको अवस्था | फैसला (विभिन्न तहमा) | कायम बिगो रु. | कैफियत (मुद्दा संकेत) |
|---|---|---|---|---|---|---|
| १ | दावी बिगो | कैद वर्ष १ र | जिल्ला अदालतको | | १,१०,०००।- | काठ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बमोजिम धरौट माग | जरिवाना रु. १,१०,०००।- जनही | फैसला अन्तिम भएको | | (दावि बमोजिम) | २०६०-१४१/११९२ |
| २ | थुनामा राख्ने आदेश | १) कैद वर्ष २ महिना ६ र जरिवाना रु. ७,१८,७९१।- २) कैद वर्ष २ र जरिवाना रु. २,७५,०४१।- ३) कैद वर्ष २ र जरिवाना रु. ९९,७२०।- | थुनामा रहेका | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | १०,९३,५५२।- | काठ ०६२/०६३-३५२/१०४७ |
| ३ | रु. १,०००।- धरौट माग | कैद दिन १५ र जरिवाना रु. २०,३५७।- | जिल्ला अदालतको फैसला अन्तिम भएको | | २०,३५७।- (दावि बमोजिम) | काठ ०५९/६०-५८४ |
| ४ | थुनामा राख्ने आदेश | कैद महिना ६ र जरिवाना रु. ८,००,०००।- | धरौटी राखी पुनरावेदन गरेको | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | ८,००,०००।- (दावि बमोजिम) | काठ ०६१/६२-७२४/१५१७ |
| ५ | १ जना थुनामा १ तारेखमा | -१ जनाका हकमा कैद वर्ष १ र बिगो बमोजिम जरिवाना -१ जनाका हकमा सफाई -१ जनाका हकमा तामेलीमा | बादीको पुनराबेदन परेको | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | ३,९००।- | काठ ०६०/६१-७७२ |
| ६ | थुनामा राख्ने आदेश | जनही कैद वर्ष २ र जरिवाना रु. ३,८९,६००।- | थुनामा रहेका | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | ३,८९,६००।- (दावि बमोजिम) | काठ २०६०-४४९/८५७ |
| ७ | थुनामा राख्ने आदेश | कैद वर्ष १ र जरिवाना रु. १,५०,०००।- | जरिवानाको हकमा जेथा धरौटी राखी पुनरावेदन गरेको | दुवै पक्षको पुनरावेदन पर्दा पुनरावेदन अदालतबाट जिल्ला | १,५०,०००।- | काठ २०६२/२०६३-४२९/११९८ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अदालतको सदर | | |
| ८ | थुनामा राख्ने आदेश (थुनाबाट भागेको) | कैद वर्ष १ महिना ६ र जरिवाना रु. १,५६,०००।- | बादी पक्षको पुनरावेदन (बिगो भराउने तर्फ नबोलेको भनी) | कानुनी व्यवस्था अनुसार बिगो भराइने हुँदा भनी पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | १,५६,०००।- (दावि बमोजिम) | काठ ०६०/०६१ - ६९९/७०६ |
| ९ | धरौटी दिन नसकी थुनामा | कैद वर्ष १ र जरिवाना रु. १५,००,०००।- | थुनामा रहेका | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | १५,००,०००।- | काठ २०६१/०६२- ३१०/८९२ |
| १० | थुनामा राख्ने आदेश | कैद वर्ष ३ र जरिवाना रु. ४,३९,०००।- | थुनामा रहेका | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | ४,३९,०००।- (दावि बमोजिम) | कास्की २०६८- ३८७/१४९ |
| ११ | १ जना म्यादमा अनुपस्थित ३ जनाको वतन यकिन नभएको | १ जनाका हकमा कैद वर्ष १ र जरिवाना रु. १३,०७,३२२।- ३ जनाका हकमा तामेली | | | १३,०७,३२२।- (दावि बमोजिम) | कास्की ०६९- ३६५/१६४ |
| १२ | साधारण तारेख | कैद वर्ष १ र जरिवाना रु. ५,०००।- बिगो भराउनु नपर्ने | वादी पक्षको पुनरावेदन | पुनरावेदन अदालतबाट कैद वर्ष १ र जरिवाना रु. २,१३,५०७।- | २,१३,५०७।- | कास्की ०६७- २२१/२७ |
| १३ | थुनामा राख्ने आदेश | कैद महिना ८ र जरिवाना रु. ५०००।- बिगो सामान | वादी पक्षको पुनरावेदन | पुनरावेदन अदालतबाट कैद ८ महिना र | १,३४,८४३।- सामान फिर्ता भएकोले भराउनु नपर्ने | कास्की २०६८- २०७/४६ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | फिर्ता भएकोले भराउनु नपर्ने | | जरिवाना रु. १,३४,८४३।- (दामसाहीले हुने) | | |
| १४ | थुनामा राख्ने आदेश | कैद महिना २ र जरिवाना रु. १,१६,०००।- | जिल्ला अदालतको फैसला अन्तिम भएको | | १,१६,०००।- | बाँकि ७४-२०६९-०१०१३ |
| १५ | रु. ३२,०००।- धरौट माग | कैद महिना १ र जरिवाना रु. १६,६००।- | वादी पक्षको पुनरावेदन/(प्रतिवादीले जिल्ला अदालतको तारिख गुजारेको) | पुनरावेदन अदालतबाट कैद र जरिवाना रकम जिल्ला अदालतको कायम/धरौट रकम जफत गर्ने र *जरिवाना रकम प्रतिवादीबाट असूल गर्ने* | १६,६००।- | बाँकि ७४-०६७-००२६० |
| १६ | थुनामा राख्ने आदेश | कैद महिना ४ र जरिवाना रु. १,५२,२५०।- | जिल्ला अदालतको फैसला अन्तिम भएको | | १,५२,२५०।- | बाँकि ७४-०६९-०१०१२ |
| १७ | थुनामा राख्ने आदेश (सर्वोच्च अदालतबाट समेत सदर भएको) | कैद वर्ष १ र जरिवाना रु. ७,५०,०००।- | दुवै पक्षको पुनरावेदन | पुनरावेदन अदालतबाट कैद ११ महिना २० दिन हुने ठहरी जरिवानाको हकमा शुरु सदर | ७,५०,०००।- | बाँकि ७४-०६८-००००२ |
| १८ | थुनामा राख्ने आदेश | कैद वर्ष डेढ र जरिवाना रु. १३,४१,२६६।७७ | प्रतिवादीको पुनरावेदन | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | १३,४१,२६६।७७ (बिगो बमोजिम) | मोरङ २७-०६५-००६७६ |
| १९ | प्रतिवादीले | कैद वर्ष १ र | | | ९,००,०००।- | मोरङ |

Office of the Attorney General, Nepal

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अदालतबाट जारी भएको म्याद गुजारेको | जरिवाना रु. ९,००,०००।- | | | (बिगो बमोजिम) | २७-०६७-०१५३३ |
| २० | रु. ९०,०००।- धरौट माग (तर प्रतिवादी थुनामा) | कैद महिना ६ र जरिवाना रु. ७०,०००।- | थुनामा रही | पुनरावेदन अदालतबाट जिल्ला अदालतको सदर | ७०,०००।- (बिगो बमोजिम) | मोरङ २०६९-स फौ-०१३६ |
| २१ | रु. ७०,०००।- धरौट माग | कैद महिना ६ र जरिवाना रु. ६०,०००।- | जिल्ला अदालतको फैसला अन्तिम भएको | | ६०,०००।- (बिगो बमोजिम) | मोरङ २०६९- स फौ-०१२९२ |

Office of the Attorney General, Nepal

तालिका नं ३ फैसला कार्यान्वयनको विवरण

| क्रमसंख्या | सजाय कार्यान्वयन | बिगो भराइएको | कार्यान्वयनको समयावधि | कैफियत (मुद्दा संकेत) |
|---|---|---|---|---|
| १ | काम बाँकी | काम बाँकी | | काठ २०६०-१४१/११९२ |
| २ | कैद सजाय कार्यान्वयन जरिवाना असूल बाँकी | काम बाँकी | | काठ ०६२/०६३-३५२/१०४७ |
| ३ | दिन १२ कैद असूल भै दिन ३ बाँकी जरिवाना असूल बाँकी | काम बाँकी | | काठ ०५९/६०-५८४ |
| ४ | कैद कार्यान्वयन भएको/ जरिवाना असूल हुन बाँकी साथै पुनरावेदन गर्दा जरिवाना वापत लिएको धरौटी जफत गर्ने पु अ को आदेश **तर लगतमा कैद जरिवाना बाँकी** भनिएको | रु. ६,००,०००।- भराउन बाँकी | | काठ ०६१/६२-७२४/१५१७ |
| ५ | बाँकी भनिएको | काम बाँकी | | काठ ०६०/६१-७७२ |
| ६ | ०६०।१०।१२ को पत्रले कार्यान्वयन भएको | काम बाँकी | | काठ २०६०-४४९/८५७ |
| ७ | २०६२।८।२१ को पत्रले कार्यान्वयन भएको | काम बाँकी | | काठ २०६२/२०६३-४२९/११९८ |
| ८ | ६ महिना १६ दिनको कैद असूल भै बाँकी कैद जरिवानाको लगत कायम (फैसला हुनु अगावै प्रतिवादी थुनाबाट भागेको) | काम बाँकी | | काठ ०६०/०६१-६९९/७०६ |
| ९ | ०६१।११।२१ को पत्रले कार्यान्वयन भएको | काम बाँकी | | काठ २०६१/०६२-३१०/८९२ |



Office of the Attorney General, Nepal

| | | | | |
|---|---|---|---|---|
| १० | कैद र जरिवाना असुल | पीडितको निवेदन नपरेको | सजाय कार्यान्वयन तत्कालै /बिगो भराउने काम नभएको | कास्की २०६८-३८७/१४९ |
| ११ | बाँकी | पीडितको निवेदन नपरेको | | कास्की ०६९-३६५/१६४ |
| १२ | बाँकी | पीडितको निवेदन नपरेको | | कास्की ०६७-२२१/२७ |
| १३ | कैद र जरिवाना असुल | | सजाय कार्यान्वयन /तत्कालै सामान फिर्ता भएको | कास्की २०६८-२०७/४६ |
| १४ | कैद र जरिवाना बापत कैद ठेकिएको | काम बाँकी | | बाँके ७४-२०६९-०१०१३ |
| १५ | कैद भुक्तान/जरिवाना असूल हुन बाँकी | काम बाँकी | | बाँके ७४-०६७-००२६० |
| १६ | कैद र जरिवाना बापत कैद ठेकिएको | | सजाय कार्यान्वयन /तत्कालै सामान फिर्ता भएको | बाँके ७४-०६९-०१०१२ क्र सं १४ र यो एउटै व्यक्ति विरुद्धको मुद्दा हो। |
| १७ | कैद भुक्तान र जरिवाना बापत कैद ठेकिएको | काम बाँकी | | बाँके ७४-०६८-००००२ |
| १८ | ०६७।१।२२ को पत्रबाट कैद र जरिवाना बापत कैद ठेकिएको र कार्यान्वयन भएको | दरखास्त नपरेको | | मोरङ २७-०६५-००६७६ |
| १९ | बाँकी | दरखास्त नपरेको | | मोरङ २७-०६७-०१५३३ |
| २० | कैद र जरिवाना असुल प्रक्रियामा रहेको (प्रतिवादी थुनामा रहेको) | काम भएको नदेखिएको | | मोरङ २०६९-स फौ-०१३६ |
| २१ | कैद दिन २६ हिरासतमा बसेको अवधिबाट कटाएको/जरिवाना धरौटीबाट असूल गर्ने | काम भएको नदेखिएको | | मोरङ २०६९-स फौ-०१२९२ |

Office of the Attorney General, Nepal

| | | | | |
|---|---|---|---|---|
| | आदेश बाँकी कैदको लगत राखिएको | | | |

## परिच्छेद ४

## अध्ययन गरिएका फाइलबाट देखिएका बिबरणको विश्लेषण

**अध्ययन गरिएका मुद्दाहरूको सामान्य बिबरणः**

अध्ययन गरिएका मुद्दाहरू २०५९-०६० देखि ०६९ सम्मको अवधिका रहेका छन् । १९ वटा मुद्दाको जाहेरी स्वयं पीडितबाट दिइएको छ र तीमध्ये एउटा मुद्दाका पीडित महिला रहेको पाइयो । २ वटा मुद्दाका ३ जना प्रतिवादीहरू विदेशी (भारतीय) छन् । पीडित १ जना विदेशी (जापानी) छन् । २ वटा मुद्दाका पीडित संस्था रहेका छन् ।

१६ वटा मुद्दामा प्रतिवादीलाई अभियोग पत्रसाथै पेस गरिएको छ । एउटा मुद्दामा प्रतिवादीको अधिकतम संख्या ५ जना रहेको छ । अध्ययन गरिएका मुद्दामा दाबी गरिएको बिगोको रकम न्यूनतम रु. १९,०००।- रहेको छ भने अधिकतम रु. १७,२२,०००।- रहेको छ । २१ मुद्दाहरू मध्ये ११ वटा मुद्दामा अभियोग दाबी बमोजिमको बिगो ठहर भएको छ । कैद सजाय न्यूनतम १५ दिन गरिएको पाइयो भने अधिकतम ३ वर्ष गरिएको छ । ३५ जना प्रतिवादी उपर मुद्दा दायर गरिएकोमा ४ जना प्रतिवादीका हकमा मुद्दा तामेलीमा राख्ने गरी अदालतबाट आदेश भएको पाइयो भने १ जना प्रतिवादीलाई मात्र सफाई दिइएको छ ।

**मुद्दा पुर्पक्ष गर्दा प्रतिवादीलाई थुना, धरौट वा साधारण तारेख कसरी राखिएको रहेछ ?**

अध्ययन गरिएका २१ थान फैसलामा प्रतिवादीको संख्या ३५ रहेको छ । मुद्दामा दाबी गरिएको बिगो रकम फरक फरक छ तापनि सजाय माग गरिएको दफा सबै मुद्दामा एउटै छ, र त्यो हो- मुलुकी ऐन, ठगीको महलको ४ नं. अनुसारको सजाय । मुद्दा पुर्पक्षका क्रममा थुनछेक आदेश गर्दा जिल्ला अदालतहरूबाट एकै प्रकारको आदेश भएको देखिदैन । प्रतिवादीको अवस्था तथा उनीहरूका हकमा भएको थुनछेक आदेशको फरक अवस्था निम्न तालिकामा देखाइएको छः

तालिका नं. ४

| थुनामा राखिएका प्रतिवादीको संख्या | धरौट माग गरिएका प्रतिवादीको संख्या | तारेखमा राखिएका प्रतिवादीको संख्या | अदालतको म्यादमा उपस्थित नभएका प्रतिवादीको संख्या | वतन यकीन हुन नसकेका प्रतिवादीको संख्या | |
|---|---|---|---|---|---|
| | | | | अनुसन्धानको अवस्थामा | अदालतमा मुद्दा दायर भएपछि |
| १६ | ६* | ३ | २ | ४ | ४ |

*उपरोक्त मध्ये २ वटा मुद्दाका २ जना प्रतिवादीहरू अदालतबाट माग भएको धरौट दिन नसकी मुद्दा पुर्पक्षका समयमा थुनामा रहेका छन् ।

**पुनरावेदन तहमा प्रतिवादीको अवस्था के रहेछ (थुना, धरौट, फरार आदि) ?**



Office of the Attorney General, Nepal

प्रतिवादीका हकमा जिल्ला अदालतबाट भएको थुनछेक आदेश पुनरावेदन अदालतबाट फेरिएको पाइएन । तर, एउटा मुद्दाको एकजना प्रतिवादीले पुनरावेदन गर्दा लागेको जरिवानाको हकमा जेथा धरौटी राखी पुनरावेदन गरेको पाइयो ।

**अदालतका विभिन्न तहमा फैसलामा एकरूपता भएको छ छैन** ?

अध्ययन गरिएका २१ थान फैसला मध्ये कुनै मुद्दा पनि सर्वोच्च अदालतसम्म आइपुगेको देखिएन । ती मुद्दाहरूको फैसलाको अवस्था अदालतको फरक तहमा निम्न तालिकामा देखाए अनुसार पाइयोः

तालिका नं. ६

| जिल्ला तहबाट अन्तिम फैसला भएका मुद्दाको संख्या | पुनरावेदन तहबाट अन्तिम फैसला भएका मुद्दाको संख्या | शुरु तहको फैसला सदर भएका मुद्दाको संख्या | शुरु तहको फैसला फरक परेका मुद्दाको संख्या | प्रतिवादीको पुनरावेदन परेका मुद्दाको संख्या | वादीको पुनरावेदन परेका मुद्दाको संख्या |
|---|---|---|---|---|---|
| ५ (यसबाहेक २ वटा मुद्दामा प्रतिवादी अदालतमा अनुपस्थित रहेको) | १४ | १० | ४ | ९* | ७* |
| | | | | * दुईवटा मुद्दामा दुवै पक्षको पुनरावेदन परेको | |

उपरोक्त तालिकामा उल्लेख भएका पुनरावेदन अदालतबाट जिल्ला अदालतको फैसला भन्दा फरक फैसला भएका ४ वटा मुद्दा मध्ये ३ वटामा वादी पक्षको पुनरावेदन परेको छ । त्यसमध्ये २ वटा मुद्दामा जिल्ला अदालतबाट बिगो कायम नहुने भनी ठहर भएकोमा पुनरावेदन अदालतबाट बिगो कायम भएको छ भने एउटा मुद्दामा तारेख गुजारेको प्रतिवादीको धरौट जिल्ला अदालतबाट जफत नगर्ने गरी फैसला भएकोमा पुनरावेदन अदालतबाट धरौट जफत गर्ने फैसला भएको छ । दुवै पक्षको पुनरावेदन परेको एउटा मुद्दामा जिल्ला अदालतबाट भएको १ वर्ष कैद सजायको अवधिलाई पुनरावेदन अदालतबाट ११ महिना २० दिन कैद हुने गरी परिवर्तन गरिएको छ ।

**फैसला कार्यान्वयनको अवस्थाः**

ठगी मुद्दाको फैसला कार्यान्वयनका सन्दर्भमा दुईवटा पाटो हेर्नु पर्ने हुन्छ ।पहिलो- प्रतिवादीलाई भएको सजाय कार्यान्वयन हुनु पर्ने कुरा र दोश्रो- पीडितको बिगो भराउनु पर्ने कुरा । प्रतिवादीलाई भएको सजायको कुरा गर्दा कैद सजाय तथा जरिवानाको सजायका बारेमा फरक रूपमा हेर्नु पर्ने हुन्छ । अध्ययन गरिएका मुद्दाहरूको कैद सजाय कार्यान्वयनको अवस्था निम्न अनुसार रहेको पाइयोः

तालिका नं. ७

| कैद सजाय कार्यान्वयन भएका मुद्दाको संख्या | कैद सजाय कार्यान्वयन नभएका मुद्दाको संख्या | कैद सजाय आंशिक कार्यान्वयन भएका मुद्दाको संख्या |
|---|---|---|
| १३ | ५ | ३ |

उक्त फैसलाहरूबाट भएको जरिवानाको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छः

Office of the Attorney General, Nepal

तालिका नं. ८

| जरिवानाको रकम असूल गरी सजाय कार्यान्वयन भएका मुद्दाको संख्या | जरिवानाको सजाय कार्यान्वयन नभएका मुद्दाको संख्या | जरिवानाको सजाय आंशिक कार्यान्वयन भएका मुद्दाको संख्या | जरिवानाको सजायलाई कैदमा परिणत गरी कार्यान्वयन भएका मुद्दाको संख्या |
|---|---|---|---|
| ० (दुईवटा फैसलामा राखेको धरौटबाट जरिवाना असूल गर्ने भनिए पनि कार्यान्वयन नभएको | ११ | ० | १० |

उक्त फैसलाहरू अनुसार भराइनु पर्ने बिगोका सम्बन्धमा भएको कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छः

तालिका नं. ९

| बिगो भराइएका मुद्दाको संख्या | बिगो भराउन बाँकी मुद्दाको संख्या | बिगो आंशिक भराइएका मुद्दाको संख्या |
|---|---|---|
| २ (जिन्सी बस्तु ठगी गरिएकोमा उक्त सामान अदालतबाट तत्कालै फिर्ता भएको) | १८ | १ |

Office of the Attorney General, Nepal

# परिच्छेद ५

## प्राप्ति, समस्या र सुझाव

**प्राप्तिः**

यस अध्ययनबाट ठगी मुद्दामा भएका फैसला तथा फैसला कार्यान्वयनको अवस्था निम्न अनुसारको पाइयोः

क) जिल्ला अदालतबाट भएको थुनछेक आदेश पुनरावेदन तहबाट परिवर्तन भएको पाइएन ।

ख) जिल्ला अदालतबाट भएका फैसलामध्ये ६६.६६% मा पुनरावेदन परेको पाइयो । यसमध्ये ६४.२८% पुनरावेदन प्रतिवादी पक्षबाट परेको तथा ५०% पुनरावेदन वादी पक्षबाट परेको पाइयो । १४.२८% फैसलामा दुवै पक्षबाट पुनरावेदन परेको पाइयो ।

ग) ७१.४२% मुद्दामा जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालतबाट सदर भएको पाइयो । पुनरावेदन परेकोमध्ये जिल्ला अदालतबाट भएको फैसला फरक परेकोमा ७५% फरक वादी पक्षको पुनरावेदन रहेका मुद्दामा परेको पाइयो । ५२.३८% मुद्दामा अभियोग दावी अनुसारको बिगो ठहर भएको पाइयो ।

घ) अदालतबाट ठहर गरिएको बिगो र कैद सजायका बीचमा सामञ्जस्य रहेको देखिएन । उदाहरणका लागिः सबैभन्दा बढी रु. १५,००,०००।- बिगो ठहर भएको मुद्दामा कैद सजाय १ वर्ष मात्र गरिएको छ भने रु. ४,३९,०००।- बिगो ठहर भएको मुद्दामा कैद सजाय ३ वर्ष गरिएको छ । सबैभन्दा कम रु. ३,९००।- मात्र बिगो ठहर भएको मुद्दामा पनि कैद सजाय १ वर्ष गरिएको छ ।

ङ) मुद्दा पुर्पक्षका लागि थुनामा रहेका प्रतिवादीका हकमा भएको कैद सजाय तत्कालै कार्यान्वयन भएको पाइयो । तर, मुद्दा पुर्पक्षका अवस्थामा धरौट माग गरी तारेखमा छोडिएका र साधारण तारेखमा छोडिएका मध्ये १५ दिन कैद सजाय ठहरिएको एउटा मुद्दामा बाहेक अन्य सबै मुद्दामा कैद सजाय कार्यान्वयन हुन सकेको देखिएन ।

च) जरिवाना असूलीमा समस्या रहेको पाइयो । जरिवाना नगदमा असूल भएको कम नै पाइयो । खास गरी धरौटी रहेको मुद्दामा मात्र नगद जरिवाना असूल भएको पाइयो । यसबाहेक जरिवाना कैदमा परिणत गरी असूल गरिएको पाइयो ।

छ) बिगो भराउने कामको कार्यान्वयनको अवस्था सन्तोषजनक देखिएन ।११.११% मुद्दामा मात्र बिगो भराउने काम भएको पाइयो । यो पनि ठगी गर्दा जिन्सी बस्तु लगिएको र उक्त बस्तु नै फेला परेको हुँदा फिर्ता गरिएको अवस्था हो । ५.५५% मुद्दामा आंशिक बिगो भराइएको पाइयो ।

ज) बिगो भराउने काम दरखास्त नपरे सम्म नगरिने भन्ने कानुनी व्यवस्था छ (पूर्व उल्लिखित मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. मा रहेको व्यवस्था) । यस्तो दरखास्त मुद्दाको अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र दिनु पर्ने उक्त नं. ले गरेको छ । बिगो भरी पाउनका लागि दरखास्त लिँदा प्रतिवादीको जायजात देखाइदिउँला भन्ने समेत बोली पार्नु पर्छ भन्ने कानुनी व्यवस्था छ । यसै कानुनी व्यवस्था अनुसार बिगो भरी पाउनेबाट दरखास्त नपरेको

Office of the Attorney General, Nepal

कारणले बिगो भराउने काम हुन नसकेको भन्ने जानकारी पाइयो । ०५९।०६० आर्थिक वर्षमा दायर भई जिल्ला अदालतबाट अन्तिम भएको मुद्दामा समेत बिगो भराउने काम बाँकी रहेको पाइयो ।

झ) मुद्दा पुर्पक्षका समयमा रकम धरौटी राखेका तर उक्त धरौटी मध्येबाट केही रकम फिर्ता पाउने फैसला भएका प्रतिवादीका हकमा पनि उक्त रकम बिगो प्रयोजनका लागि अदालतमा रहने वा उक्त रकम समेतबाट बिगो भराउने गरी आदेश गरिएको पाइएन ।

ञ) ठगी मुद्दामा सर्वोच्च अदालतबाट भएका केही फैसलाको अध्ययनबाट ठगीको कसूरका सम्बन्धमा मुद्दा चलाउँदा अन्य पृथक कानुनबाट व्यवस्था भएका विषयमा पनि मुलुकी ऐन ठगीको महल अन्तरगत मुद्दा चलाइएको तथा अदालतबाट ती मुद्दामा ठगीको कसूर ठहर भएको पाइयो । त्यसरी फरक फरक कानुनमा व्यवस्था भए पनि ठगीको कसूरमा कारबाही भै कसूर ठहर भएका विषय निम्न अनुसारका क्षेत्रका रहेका पाइएः

- सहकारी संस्था खोली बचत उठाई बचतकर्ताहरूको तथा संस्थाको रकम हिनामिना गरेको विषय
- वाणिज्य बैंकसंगको कारोबारमा झुट्टा कागजातहरू पेश गरी बैंकलाई नोक्सान पुर्याकई आफूलाई फाइदा पुर्याणएको विषय
- वैदेशिक रोजगारमा पठाउने भनी रकम लिई नपठाएको विषय

**समस्याः**

प्रस्तुत अध्ययनबाट ठगी मुद्दाको फैसला कार्यान्वयनका सन्दर्भमा दुई प्रकारका समस्या रहेको पाइयोः

क) कानुनी

ख) अन्य

क) **कानुनी समस्याः** ठगी सम्बन्धी कसूर आर्थिक अपराध अन्तरगत पर्ने भए पनि यसको परम्परागत प्रकृतिलाई कानुनले यथारूपमा स्वीकार गरिआएको छ । यस कसूरको फैसला कार्यान्वयन सम्बन्धमा कैद तथा जरिवानाका हकमा कानुनी व्यवस्थाहरू समस्याका रूपमा नदेखिए पनि बिगो भराउने सम्बन्धमा कानुनले नै यसलाई संरक्षण गर्न सकेको देखिदैन । यससम्बन्धमा देखिएका कानुनी समस्या निम्न अनुसार रहेका छन्:

१) कुनै कसूरको कारणले आर्थिक नोक्सानी व्यहोर्नु पर्ने पीडितका सम्बन्धमा कानुनले हालसम्म उचित सम्बोधन नगरेको अवस्था ठगीको कसूरका पीडितका सम्बन्धमा पनि उस्तै रहेको छ ।

२) यस कसूरका अभियुक्त उपर मुद्दा दायर गर्नु पूर्व वा मुद्दा दायर गरिसके पछि निजको सम्पत्ति रोक्का राख्ने स्पष्ट कानुनी व्यवस्था हालसम्म भएको पाइँदैन ।

३) मुद्दा पुर्पक्षका समयमा प्रतिवादिबाट लिइएको धरौटी फैसला हुँदा ठहरिएको बिगो भराउने प्रयोजनका लागि प्रयोग हुने गरेको पनि पाइँदैन ।

Office of the Attorney General, Nepal

४) फौजदारी मुद्दामा कसूर ठहर भएको प्रतिवादीले पुनरावेदन गर्दा अदालतले धरौट वा जमानत स्वीकार गरेको अवस्थामा बाहेक कैदको सजाय पाएकोमा निज कैदमा रहेको निस्सा तथा जरिवानाको सजाय भएकोमा जरिवाना तिरेको वा त्यसवापत जेथा जमानत राखेको निस्सा समेत राख्नु पर्ने कानुनी व्यवस्था (हेर्नुहोसः मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९३क नं को दफा (२) मा रहेको व्यवस्था) रहे पनि भराउनु पर्ने ठहरेको बिगोका सम्बन्धमा यसै प्रकारको सुरक्षणको व्यवस्था रहेको छैन ।

५) बिगो भरिपाउनका लागि पीडित स्वयं अन्तिम फैसला भएको मितिले ३ वर्षभित्र निबेदन लिई अदालतमा जानु पर्ने र उक्त म्याद नाघेको अवस्थामा बिगो नभराइने एवं बिगो भराउने कारबाही हुँदा तारिख गुजारेका अवस्थामा कारबाही तामेलीमा राखिने कानुनी व्यवस्थाले बिगो भराइपाउनका लागि पीडित स्वयंले पुनः मुद्दाको उठान गर्नु पर्ने अवस्था रहेको देखिन्छ । यसबाट यो कसूरसम्बन्धि मुद्दा सरकार वादी भए पनि बिगो भराउने सन्दर्भमा त्यसको लाभ पीडितले पाउन सकेको देखिँदैन ।

६) नेपाल सरकार वादी भै चल्ने ठगीको कसूर सम्बन्धी मुद्दाको फैसला अन्तिम भएको जानकारी पीडितले पाउने उपयुक्त कानुनी व्यवस्था नरहेको कारणले बिगो भरी पाउन निबेदन दिने सम्बन्धमा समस्या रहेको देखिएको छ ।

ख) **अन्य समस्याः** यस अध्ययनका क्रममा फैसला कार्यान्वयका सम्बन्धमा देखिएका अन्य समस्या निम्न अनुसारका रहेका पाइएः

१) फैसला कार्यान्वयन सम्बन्धी अभिलेख व्यवस्थापन अद्यावधिक रहेको र अध्ययनका लागि सहज रहेको देखिएन ।

२) कैद जरिवाना लागेको व्यक्तिको जायजात गरी फैसला कार्यान्वयन गर्नु पर्ने मुलुकी ऐन दण्ड सजायको महलको २६ नं को व्यवस्थाको प्रयोग गरिएको देखिएन ।

३) अदालतमा उपस्थित नरही फरार रहने प्रतिवादीका हकमा भएको फैसलाको कार्यान्वयन चुनौतीपूर्ण रहेको देखियो ।

४) सरकार वादी फौजदारी मुद्दाको भए पनि व्यक्तिको बिगो भराउने कामलाई प्राथमिकतामा राखेको तथा यसका लागि राज्य सक्रीय हुने अवस्था रहेको देखिएन ।

**सुझावः**

क) **कानुनी व्यवस्था परिमार्जन सम्बन्धीः** ठगी मुद्दाको फैसला कार्यान्वयनको सन्दर्भमा प्रतिवादीलाई भएको कैद र जरिवानाको कार्यान्वयनको लागि सरकार वादी भै चल्ने अन्य फौजदारी कसूरका हकमा लागू हुने कानुनी व्यवस्था नै यस मुद्दामा पनि लागू हुन्छन् । त्यस सन्दर्भमा कानुनी बाधा हुने अवस्था देखिदैन । फैसला कार्यान्वयनको अर्थ प्रतिवादीलाई भएको कैद र जरिवाना राज्यले असुल गर्ने मात्रै नभई त्यस कसूरबाट पीडित व्यक्तिले कानुन बमोजिम पाउनु पर्ने क्षतिपूर्ति सहज रूपमा पाउनु पनि हो । ठगीको कसूरका पीडितका सम्बन्धमा हेर्दा यसमा उक्त कसूरको कारणले पीडितले आर्थिक नोक्सानी समेत व्यहोर्नु परेको हुन्छ । अदालतबाट कसूर ठहर भई फैसला हुने तर पीडितले

Office of the Attorney General, Nepal

आफू ठगिएको रकम भरी पाउन नसक्ने हो भने पीडितका हकमा उक्त फैसलाको कुनै अर्थ रहँदैन । तर, फैसला कार्यान्वयनको यस पक्षलाई ठगी मुद्दाको सन्दर्भमा प्रचलित नेपाल कानुनले सम्बोधन गरेको नदेखिँदा बिगो भरिपाउने सम्बन्धमा रहेका कानुनी समस्यालाई सम्बोधन गर्न निम्न व्यवस्था गर्नु पर्ने देखिन्छ :

१) ठगीको कसूरको अनुसन्धानको समयमा नै तथा मुद्दा दायर गरिसके पछि त्यस कसूरमा संलग्न देखिएका व्यक्तिहरूलो सम्पत्ति रोक्का राख्ने कानुनी व्यवस्था गर्ने ।

२) मुलुकी अदालती बन्दोबस्तको महलको ११८ नं को देहाय दफा १० मा मुद्दा पुर्पक्षका समयमा प्रतिवादिबाट धरौटी माग गर्दा निजले व्यहोर्नु पर्ने क्षतिपूर्ति समेत विचार गर्नु पर्ने भन्ने व्यवस्था रहेको परिप्रेक्ष्यमा त्यस अवस्थामा लिइएको धरौटीलाई फैसला हुँदा ठहरिएको बिगो भराउने प्रयोजनका लागि पनि प्रयोग गर्ने गरी कानुनले व्यवस्था गर्नु पर्ने ।

३) ठगी समेतका प्रतिवादीले आर्थिक दायित्व ब्यहोर्नु पर्ने फौजदारी मुद्दामा कसूर ठहर भएको प्रतिवादीले पुनरावेदन गर्दा भराउनु पर्ने ठहरेको बिगो समेत धरौट राख्ने कानुनी व्यवस्था गर्ने ।

४) ठगीको कसूर सम्बन्धी मुद्दाको फैसला अन्तिम भएको जानकारी पीडितले सम्बद्ध प्रहरी कार्यालय मार्फत पाउने गरी उपयुक्त कानुनी व्यवस्था गर्ने।

५) प्रतिवादीको सम्पत्तिबाट बिगो असुल हुन नसकेको अवस्थामा पीडितले प्रतिवादीलाई कैद गराउन पाउने मुलुकी ऐन दण्ड सजायको महलको ४२ नं को व्यवस्था ठगी मुद्दाका हकमा पनि हुने गरी यस नंबरमा संशोधन गर्नु पर्ने ।

६) शुरु तहको अदालतबाट फैसला भएपछि नै कार्यान्वयनको शुरु गर्ने गरी कानुनमा व्यवस्था गर्ने ।

ख) **अन्य विषय सम्बन्धीः**

१) फैसला कार्यान्वयन सम्बन्धी अभिलेख व्यवस्थापन अद्यावधिक पार्नु पर्ने तथा यी अभिलेख अध्ययन अनुसन्धानको प्रयोजनका लागि समेत सहज प्राप्ति हुने व्यवस्था गरिनु पर्ने ।

२) अदालतमा उपस्थित नरही फरार रहने प्रतिवादीका हकमा फैसला कार्यान्वयन नभएसम्मका लागि निजको सबै प्रकारको सम्पत्ति सम्बन्धी व्यवहारमा रोक लगाउने व्यवस्था हुनु उपयुक्त हुने ।

३) कैद जरिवाना लागेको व्यक्तिको जायजात गर्ने सम्बन्धमा रहेको कानुनी व्यवस्था (मुलुकी ऐन दण्ड सजायको महलको २६ नं) अनुसार फैसला कार्यान्वयन गरिनु पर्ने ।

Office of the Attorney General, Nepal